Australian Government

NATIONAL BOWELCANCER SCREENING PROGRAM


# घरायसी परीक्षण किट प्रयोग गर्ने निर्देशनहरू

**दुईवटा साना नमूनाहरू सङ्कलन गर्नुहोस्, तिनीहरूलाई हुलाकबाट पठाउनुहोस् अनि तपाईंको काम पूरा भयो।**


## महत्वपूर्ण जानकारी

- यस परीक्षणलाई अर्को २ हप्ताभित्र पूरा गर्नुहोस् ।
- तपाईंले आफ्नो नमूनाहरू फर्काउँदा खाममा आफ्नो फारम समावेश गर्नुहोस् ।

## तपाईंको किटमा परीक्षण गर्न चाहिने आवश्यक सबै कुरा छन्





१ सहभागी विवरण फाराम



२ सङ्कलन ट्यूबहरू




२ ट्वाइलेट लाइनरहरू



१ जिपलक झोला



१ हुलाक शुल्क तिरिसकेको एक खाम

## तपाईंले परीक्षण गर्नुअघि

- ✔ शौचालयको छेउमा परीक्षणलाई राख्नुहोस् जहाँ तपाईंले परीक्षण गर्न सम्झनुहुनेछ ।
- ✔ तपाईंले आफ्नो नमूना लिने दिनको लागि रिमाइन्डर सेट गर्नुहोस्।
- ✔ किट को पछाडिको म्याद समाप्त हुने मिति जाँच गर्नुहोस्। यदि किटको म्याद सकिएको छ भने, प्रतिस्थापनको लागि १८०० ६२७ ७०१ मा फोन गर्नुहोस्।
- ✔ तपाईंले खाइरहेका औषधि तथा खानाहरू संधै झै खानुहोस्।

## यदि तपाईंलाई यस्तो भएको छ भने परीक्षण नगर्नुहोस्:

- ✘ पाइल्स (हेमोरोइड्स) जसबाट रगत बग्छ। यदि यस्तो हुन्छ भने, आफ्नो डाक्टरलाई भेट्नुहोस् ।
- ✘ तपाईंको पिसाबमा रगत वा शौचालयको बाउलमा रगत देखियो। यदि यस्तो हुन्छ भने, आफ्नो डाक्टरलाई भेट्नुहोस् ।
- ✘ तपाईंको महिनावारीको भएको छ। तपाईंको महिनावारी समाप्त भएको ३ दिनपछि परीक्षण गर्नुहोस् ।
- ✘ भर्खरै कोलोनोस्कोपी भएको थियो ।

## तपाईंको परीक्षणको नतिजा

तपाईंले आफ्नो नमूनाहरू हुलाकबाट पठाएपछि ४ हप्ताभित्र तपाईंको नतिजा तपाईं र तपाईंको डाक्टरलाई पठाइनेछ।

**नकारात्मक** नतिजाको मतलब कुनै रगत फेला परेन। तपाईंले २ वर्षमा फेरि परीक्षण गर्नुपर्छ।


**सकारात्मक** नतिजाको मतलब रगत भेटियो। यसको मतलब सधैँ तपाईंलाई आन्द्राको क्यान्सर छ भन्ने होइन। धेरै कारणहरू हुन्छन् जसले तपाईंको दिसामा रगत हुन सक्छ,र धेरैजसो क्यान्सरसँग सम्बन्धित छैनन्। थप जानकारी पाउनको लागि सकेसम्म चाँडो आफ्नो डाक्टरलाई भेट्नको लागि समय मिलाउनुहोस्।

परीक्षण कसरी गर्ने भन्नेबारे यो भिडियो हेर्नुहोस्:
**www.health.gov.au/nbcsp**



# निर्देशनहरू

## १ तयार गर्नुहोस्



आफ्नो नाम, जन्ममिति र तपाईंले परीक्षण गर्ने मितिलाई कुनै एक ट्यूबमा **लेख्नुहोस्**





पिसाब फेर्नुहोस् र शौचालय **फ्लश** गर्नुहोस्।

**ट्वाइलेटमा एउटा ट्वाइलेट लाइनर राख्नुहोस्** लेखेकोलाई माथिपट्टि पारेर। यदि यो भिज्यो भने पनि ठीकै छ ।

## २ सङ्कलन गर्नुहोस्




लाइनरमा पर्नेगरी **दिसा गर्नुहोस्**



**ट्युबलाई घुमाएर खोल्नुहोस्**। स्टिकको टुप्पोलाई दिसाबाट तान्नुहोस् । तपाईंको नमूना सानो हुनु आवश्यक छ।

स्टिकलाई फेरि ट्यूबमा राख्नुहोस् र यसलाई क्लिक गरेर बन्द गर्नुहोस्। बायोडिग्रेडेबल लाइनरलाई शौचालयमा **फ्लश** गर्नुहोस्।



**ट्यूबलाई जिपलक झोलामा राख्नुहोस्।**

झोलालाई कतै चिसो ठाउँमा राख्नुहोस्, जस्तै फ्रिजमा। जम्न नदिनुहोस्।

## ३ दोहोर्याउनुहोस्




जब तपाईं अर्को पटक दिसा गर्नुहुन्छ भने अर्को ट्यूब प्रयोग गरेर **चरण १ र २ दोहोर्याउनुहोस्**। एक अर्काको ३ दिनभित्र दुवै नमूनाहरू संकलन गर्ने प्रयास गर्नुहोस्।


त्यसपछि चरण ४ मा जानुहोस्।

## ४ नमूना पठाउनुहोस्

**तपाईंको नमूनाहरू सकेसम्म चाँडो हुलाकबाट पठाउनुहोस्।**





**सहभागी विवरण फाराम भर्नुहोस् ।** तपाईंको नमूनाहरू लिइएको मितिहरू लेख्नुहोस् र फाराममा हस्ताक्षर गर्नुहोस्।



**खाममा**, अगाडि हस्ताक्षर गर्नुहोस् र पछाडि आफ्नो नाम र ठेगाना लेख्नुहोस् ।

**फाराम र नमूनाहरूलाई** खाममा राख्नुहोस् ।



**खाम हुलाकबाट पठाउनुहोस् ।** नमूनाहरू सकेसम्म लामो समयसम्म चिसो रहनु पर्छ । यसलाई दिनको चिसो समयमा हुलाक बाकस (मेलबक्स) मा खसाल्नुहोस् वा यसलाई हुलाक कार्यालयमा लैजानुहोस् ।

## ? प्रश्नहरु भएमा

**परीक्षण किट हेल्पलाइन:** १८०० ९३० ९९८

**राष्ट्रिय क्यान्सर स्क्रीनिंग रजिस्टर:** १८०० ६२७ ७०१

**हाम्रो वेबसाइटमा जानुहोस्:** www.health.gov.au/nbcsp

## अनुवाद

Interpreter

**तपाईंको भाषामा जानकारी पाउनको लागि** www.health.gov.au/nbcsp-translations

**भाषा र अनुवाद सेवाहरू:** १३ १४ ५०

PATHOLOGY SERVICES
SONIC HEALTHCARE

SPONSOR
r-biopharm

MANUFACTURER
EIKEN CHEMICAL CO., LTD.